पुतलीबजार नगरपालिकाद्वारा प्रकाशित

# "अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोग कार्यविधि - २०८३"

पारित मिति :२०८३।०१।२३

पारित मिति :२०८३।०१।२३

## विद्यालय अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोग कार्यविधि - २०८३

**प्रस्तावना**

पुतलीबजार नगरपालिकाभित्र सञ्चालित विद्यालयहरुमा हुने शैक्षणिक, भौतिक, आर्थिक, वातावरणिय तथा व्यवस्थापकीय कार्यलाई पारदर्शी, जवाफदेही तथा मितव्ययी बनाई शैक्षिक सुशासन प्रवर्धन गर्न कार्यक्रमहरूको अनुगमन मूल्याङ्कन, सुपरीवेक्षण, नियमन तथा शिक्षकहरूलाई पेसागत सहयोग गर्दै कक्षा कोठाको शिक्षण सिकाइलाई प्रभावकारी बनाई विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि एवम् शैक्षिक गुणस्तर प्रवर्धन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज को कार्यान्वयनको लागि पुतलीबजार नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

### परिच्छेद १ : प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम "विद्यालय अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोग कार्यविधि – २०८३" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**१.२ परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यविधि" भन्नाले "विद्यालय अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोग कार्यविधि – २०८३" सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले पुतलीबजार नगरपालिकालाई सम्झनु पर्छ ।

ग) "शिक्षा शाखा" भन्नाले पुतलीबजार नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

घ) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम पूर्व प्राथमिक बाल शिक्षादेखि कक्षा १२ सम्म अनुमती वा स्वीकृत प्राप्त गरी सञ्चालनमा रहेका विद्यालय सम्झनुपर्छ ।

ङ) "शैक्षिक संस्थाहरू" भन्नाले विद्यालय लगायत प्रचलित कानून बमोजिम अनुमती प्राप्त गरी सञ्चालनमा रहेका विद्यालय प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदान गर्ने संस्थाहरू सम्झनुपर्छ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

## परिच्छेद २ : उद्देश्य र कार्यक्षेत्र

२.१ उद्देश्य

क) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु ।

ख) विद्यार्थी भर्नादर बढाउनु र विद्यालयमा टिकाउनु ।

ग) शिक्षकको पेसागत क्षमता विकास गर्नु ।

घ) विद्यालयलाई शैक्षिक उत्कृष्टताको केन्द्रको रुपमा विकास गर्नु ।

ङ) विद्यालयसँग सम्बन्धित सरोकारवालालाई थप जिम्मेवार बनाउनु ।

च) विद्यालय सुपरीवेक्षण तथा अनुगमनलाई शिक्षकको पेसागत विकासको अभिन्न अंगको रुपमा कार्यान्वयन गर्नु ।

छ) एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली सम्बन्धी प्राविधिक सहयोग प्रदान गर्नु ।

ज) विद्यालयलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नु ।

झ) सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकलाई स्थलगत प्राविधिक सहयोग गर्नु ।

२.२ कार्यक्षेत्र

यस कार्यविधिका कार्यक्षेत्रहरू देहाय बमोजिम रहेका छन ।

क)कक्षा अवलोकन तथा पृष्ठपोषण

ख)विज्ञ समूह परिचालन

ग)नमूना पाठ प्रदर्शन

घ)सहपाठी कक्षा अवलोकन

ङ)शैक्षिक तथा शैक्षणिक योजना निर्माण र कार्यान्वयन

च)विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघसँग नियमित अन्तरक्रिया

छ)विद्यालयको एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली

ज)विद्यालयको भौतिक, शैक्षिक, आर्थिक तथा व्यवस्थापकीय पक्ष

झ)कक्षाकोठा व्यवस्थापन तथा मूल्याङ्कन प्रणाली

ट)बालमैत्री तथा विद्यालयको वातावरण

ठ)शिक्षकले पेसागत विकासका लागि गरेका स्वः प्रयासहरू

ड)शिक्षक तालिम तथा नव प्रवर्तनहरू

तुलसी राम रेग्मी
नगर प्रमुख

## परिच्छेद ३:अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोग सम्बन्धि व्यवस्था

### ३.१ पालिका र वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति / संयन्त्र

**क) पालिका स्तरीय अनुगमन ,सुपरीवेक्षण तथा निर्देशक समिति**

विद्यालयको अनुगमन सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोगका लागि निम्नानुसारको पालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण निर्देशक समिति रहनेछ ।

अ)नगर प्रमुख वा नगर शिक्षा समितिको संयोजक - संयोजक

आ)नगर उप प्रमुख - सदस्य

इ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ई)सामाजिक विकास समितिको संयोजक - सदस्य

उ) नगर कार्यपालिकाले तोकेका शिक्षा समितिको सदस्य १ जना - सदस्य

ऊ) शिक्षा क्षेत्रमा १० वर्षभन्दा बढी सेवा पुर्याउनुभएका विशिष्ट व्यक्तित्वहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको १ जना महिला सहित २ जना - सदस्य

ए) शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख वा सो काम गर्न तोकिएको व्यक्ति -सदस्य सचिव

**ख) पालिका स्तरीय शिक्षक पेसागत सहयोग अनुगमन सुपरिवेक्षण प्राविधिक समिति**

नगरपालिकाको शैक्षिक गुणस्तर सुधार गर्नका लागि तपसिल बमोजिमको अनुगमन, सुपरिवेक्षण गर्नका लागि पालिका स्तरीय प्राविधिक समिति रहनेछ ।

क) नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख वा सो काम गर्न तोकिएको अधिकृतस्तरको कर्मचारी - संयोजक

ख) पालिका भित्रका माध्यमिक तहका अंग्रेजी, नेपाली, गणित, विज्ञान र सामाजिक विषयका विज्ञ शिक्षकहरू मध्ये नगर शिक्षा समितिले मनोनित गरेका ५ जना - सदस्य

ग) शिक्षा क्षेत्रमा कम्तिमा १५ वर्ष सेवा गरी कम्तिमा माध्यमिक तह वा सो सरह सेवा गरी सेवा निवृत्त भएका शिक्षाकर्मीहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका १ जना - सदस्य

घ)शिक्षा युवा तथा खेलकूद शाखामा कार्यरत कर्मचारी - सदस्य सचिव

(नोट:नेपाल सरकारको शिक्षा सेवा तथा विश्वविद्यालय सेवामा कार्यरत अधिकारीलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।)

तुलसी राम रेग्मी
नगर प्रमुख

ग) वडा शिक्षा समिति / वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति

विद्यालयको अनुगमन सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोगका लागि निम्नानुसारको वडा स्तरीय समिति रहनेछ ।

अ) सम्बन्धित वडाका वडा अध्यक्ष - संयोजक

आ) वडा कार्यसमितिले तोकेको शिक्षा हेर्ने वडा समितिको सदस्य -१ जना

इ) शिक्षा क्षेत्रमा १० वर्षभन्दा बढी सेवा पुर्याउनुभएका विशिष्ट व्यक्तित्वहरू मध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको १जना - सदस्य

ई) सम्बन्धित वडाका विद्यालयहरू मध्ये माथिल्लो तहसम्म अध्यापन हुने विद्यालयका प्रधानाध्यापक - सदस्य

उ)सम्वन्धित वडाको वडा सचिव -सदस्य सचिव

घ) विद्यालय स्तरीय समिति

विद्यालयमा अनुगमन सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोग प्रदान गर्नका लागि तपसिल बमोजिमको एक समिति रहनेछ ।

अ) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष - संयोजक

आ ) विद्यालय व्यवस्थापन समितिका महिला सदस्य १ जना - सदस्य

ई) शिक्षक अभिभावक संघका अध्यक्ष १ जना - सदस्य

इ) सम्बन्धित विद्यालयका प्रधानाध्यापक - सदस्य

उ) अंग्रेजी, नेपाली, गणित, विज्ञान र सामाजिक विषयगत समितिका संयोजकहरू ५ जना - सदस्य

ऊ) विद्यालयका विषयगत समितिका संयोजक मध्ये वरिष्ठतम शिक्षक - सदस्य सचिव

३.२ अनुगमन सुपरीवेक्षणको आचारसंहिता

क) अनुगमन तथा सुपरीवेक्षण कार्य गर्दा अनुगमन तथा सुपरीवेक्षणका लागि निर्माण गरिएको साधनको अनिवार्य रुपमा प्रयोग गर्ने ।

ख) अनुगमन तथा सुपरीवेक्षण समितिका सदस्यहरूले तोकिएको क्षेत्रको मात्र अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

ग) सुपरीवेक्षण कार्यलाई मर्यादित, सौहार्दपूर्ण र अन्तरक्रियात्मक बनाउनु पर्ने ।

घ) कक्षा अवलोकन पश्चात सम्बन्धित शिक्षकलाई व्यक्तिगत रुपमा पृष्ठपोषण दिनुपर्ने ।

तुलसी राम रेग्मी
नगर प्रमुख

## परिच्छेद ४ : अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोग पद्वति र प्रक्रिया

### ४.१ व्यवस्थापकीय अनुगमन तथा सुपरीवेक्षण प्रक्रिया

**क) पालिका स्तरीय अनुगमन सुपरिवेक्षण निर्देशक समिति मार्फत**

पालिका स्तरीय अनुगमन समिति मार्फत कम्तिमा महिनाको एक पटक विद्यालयको अवलोकन गरिनेछ ।अनुगमन समिति सुपरीवेक्षणमा प्रयोग हुने साधन सहित विद्यालयमा प्रवेश गर्नेछ । अनुगमनका क्रममा विद्यालयको समग्र शैक्षिक, भौतिक ,आर्थिक तथा व्यवस्थापकीय पक्षको अवलोकन गर्नेछ र पृष्ठपोषण प्रदान गर्नेछ । अनुमन तथा सुपरीवेक्षण विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार र शिक्षकको पेसागत सहयोग गर्ने पक्षमा मुख्यतया केन्द्रित हुनेछ ।

**ख) वडा स्तरीय अनुगमन समिति मार्फत**

वडा स्तरीय अनुगमन समितिले कम्तिमा महिनाको एक पटक विद्यालयको अनुगमन गर्नेछ । यस अनुगमन समितिले वडा भित्र रहेका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्न तर्फ केन्द्रित हुनेछ । वडा स्तरीय अनुगमन समितिले वडा भित्र रहेका साधन स्रोतको उपलब्धता र विद्यालयको आर्थिक, भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षलाई आधार मानेर पृष्ठपोषण प्रदान गर्नेछ । वडा स्तरीय अनुगमन समिति आफ्नो सेवा क्षेत्रभित्रका विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गर्न पूर्णरुपमा स्वायत्त रहनेछ ।

**ग) विद्यालय स्तरीय अनुगमन समिति मार्फत**

विद्यालय स्तरीय अनुगमन समिति मार्फत पनि विद्यालयको अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोग प्रदान गर्नेछ । यो समिति विद्यालयका प्रधानाध्यापकको संयोजकत्वमा रहनेछ । विद्यालयका विभिन्न विषय अध्यापन गर्ने शिक्षकको विषयगत समिति निर्माण गरिनेछ । विषयगत समितिका शिक्षकहरूले सहपाठी कक्षा अवलोकन गरी पृष्ठपोषणण आदानप्रदान गर्नेछन । विद्यालयका प्रधानाध्यापकले विषयगत शिक्षकहरूको कक्षा अवलोकन गरी व्यक्तिगत रुपमा पृष्ठपोषण दिइनेछ । विद्यालय स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा पृष्ठपोषण अनुसारका क्रियकलाप गरे नगरेको अवलोकन गरी सुधारका लागि प्रेरित गरिनेछ । विद्यालय स्तरीय समिति पूर्णतया विद्यालय अनुगमन, सुपरीवेक्षण, शैक्षिक गुणस्तर, सिकाइ उपलब्धि सुधार, शिक्षक पेसागत सहयोगमा केन्द्रित रहनेछ ।

### ४.२ प्राविधिक सुपरीवेक्षण तथा पेसागत सहयोग प्रक्रिया

**क) विज्ञ समूहद्वारा पेसागत सहयोग**

विज्ञ समूहले कम्तिमा महिनाको एक पटक एउटा विद्यालयमा स्थलगत रुपमा पुगी शिक्षकलाई पेसागत सहयोगद्वारा सम्बन्धित शिक्षकको कक्षाकोठामा गएर विषयगत रुपमा निर्धारित साधनको उपयोग गरि कक्षा अवलोकन गरेर अवलोकन पश्चात आवश्यक पृष्ठपोषण प्रदान गरिनेछ । पृष्ठपोषणका क्रममा

तुलसी राम रेग्मी

सुपरीवेक्षक तथा विषयगत शिक्षकबीच सुमधुर सम्बन्ध कायम गरिनेछ । अवलोकन पश्चात शिक्षकलाई शिक्षण सिपमा निखारता ल्याउनका लागि आवश्यक सहयोगको अपेक्षा संकलन गरी सो अनुसार सहयोग पुर्याइनेछ । यो पूर्णतया प्राविधिक तथा पेसागत सहयोगमा केन्द्रित हुनेछ । पृष्ठपोषण सम्बन्धित शिक्षकलाई व्यक्तिगत रुपमा प्रदान गरिनेछ । यसले शिक्षकलाई प्राविधिक सहयोग गरेर शिक्षकको आत्मबल, शिक्षण कौशल, सिकाइ उपलब्धि सुधार गर्नेछ ।

**ख) स्रोत विज्ञद्वारा पेसागत सहयोग**

पालिकाले २ जना पूर्णकालिन स्रोत विज्ञको व्यवस्था गर्न सक्नेछ। स्रोत विज्ञमा शिक्षा सेवाको अधिकृत / माध्यमिक शिक्षक पदमा कम्तीमा १० वर्ष सेवा गरी निवृत्त व्यक्तिहरू मध्येबाट खुला प्रतियोगिताद्वारा योग्यताक्रमका आधारमा नियुक्त गरिनेछ । स्रोत विज्ञले विद्यालयको अवलोकन, तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने, शैक्षिक योजना निर्माणमा सहयोग गर्ने, शिक्षकको कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने र विद्यालयको समग्र शैक्षिक गुणस्तर सुधार गर्ने मुख्य जिम्मेवारी रहनेछ ।

**ग) प्रधानाध्यापकद्वारा पेसागत सहयोग**

विद्यालयका प्रधानाध्यापकले विषयगत शिक्षकहरूको पेसागत विकासमा सहयोग पुर्याउनुपर्नेछ । विषयगत शिक्षकहरूको शैक्षणिक सिपमा निरन्तर सुधार गरी सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन प्रधानाध्यापकले हरेक हप्ता कम्तिमा दुई विषय शिक्षकको कक्षा अवलोकन गरी पृष्ठपोषण दिनुपर्नेछ । शिक्षकहरूलाई पाठ्यक्रम, शिक्षक निर्देशिका, विशिष्टिकरण तालिका उपलब्ध गराई शैक्षिक योजना निर्माण र प्रयोग शैक्षिक सामग्री संकलन निर्माण र प्रयोग कक्षाकोठामा सिकाइ व्यवस्थापन मूल्याङ्कन लगायतका क्षेत्रमा प्राविधिक सहयोग पुर्याउनु पर्नेछ । विद्यालयका विषयगत समितिका शिक्षकहरूलाई एकअर्काको कक्षा अवलोकन गर्न लगाई पृष्ठपोषण आदानप्रदान गर्न लगाउनु पर्नेछ ।

**घ) सहपाठी द्वारा पेसागत सहयोग**

पालिकामा रहेका विषयगत समितिले विषयगत शिक्षकहरूको विद्यालय तहमा, वडा तह तथा पालिका तहमा शिक्षकहरूको सहपाठी अवलोकन गर्ने व्यवस्था मिलाई पृष्ठपोषण आदानप्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ । सहपाठीहरूले एकापसमा अनुभव आदानप्रदान गरी पेसागत सहयोग उपलब्ध गराउनु पर्नेछ । पेसागत सहयोगका लागि विषयगत शिक्षकहरुले आवश्यकता अनुसार नमुना पाठ प्रदर्शन गरी सहयोग पुर्याउनेछन ।

नगर प्रमुख

ङ) सिकाइ सञ्जालद्वारा पेसागत सहयोग

शिक्षकहरूलाई पेसागत सहयोग पुर्याउनका लागि विषयगत रुपमा शिक्षकहरूको सञ्जाल निर्माण गरी सहयोग र समन्वय गर्ने जिम्मेवारी विषयगत समितिको हुनेछ । विषयगत समितिले शिक्षा शाखासँगको समन्वयमा विषयगत शिक्षकहरूका अनुभव, असल अभ्यास, नमूना कक्षाको भिडियो तथा शैक्षिक सामग्रीहरू आदानप्रदान गर्नुपर्नेछ । विषयगत समितिलाई सक्रिय बनाउने पृष्ठपोषण दिने तथा मार्गनिर्देश गर्ने जिम्मेवारी शिक्षा, युवा तथा खेलकूद शाखाको हुनेछ ।

४.३ शिक्षक स्वयंद्वारा पेसागत विकास / सहयोग प्रक्रिया

क) कार्यमुलक अनुसन्धान

हरेक शिक्षकले वर्षमा कम्तिमा एउटा कार्यमूलक अनुसन्धान गर्नुपर्नेछ । कार्यमूलक अनुसन्धान व्यक्तिगत वा सामुहिक रुपमा गर्न सकिनेछ । कार्यमूलक अनुसन्धान शिक्षकले शिक्षण सिकाइका क्रममा भोगेका समस्या, चुनौति तथा जटिलतामा आधारित भई गर्नुपर्नेछ । प्रधानाध्यापकले शिक्षकको कार्यमूलक अनुसन्धानबाट शिक्षण सिकाइमा भएको सुधारको अवलोकन गर्नुपर्नेछ । शिक्षकको कार्यमूलक अनुसन्धानको प्रतिवेदन प्रधानाध्यापकले प्रमाणित गरी अभिलेखीकरण गर्नुपर्नेछ ।

ख) स्व-मूल्याङ्कन

विषय शिक्षकहरूले पेसागत विकासका लागि स्वयंले कक्षा शिक्षण पश्चात आफ्नो कक्षाको क्रियाकलापको प्रतिबिम्वन गर्ने, स्व-मूल्याङ्कनका लागि फाराम तयार गरी स्व -मूल्याङ्कन गर्नुपर्नेछ । अध्यापन गरेका विद्यार्थीहरूबाट विषयगत शिक्षकले पृष्ठपोषण माग्न सक्नेछन्। विद्यालयका शिक्षकहरूबाट समेत विषय शिक्षकले कक्षा अवलोकन तथा अन्य शैक्षणिक सिपका सम्बन्धमा पृष्ठपोषण लिई आफ्नो मूल्याङ्कन आँफैले गरी सुधारमा केन्द्रित हुनुपर्नेछ ।

ग) स्वनिर्देशित सिकाइ / पाठ अध्ययन

विषयगत शिक्षकहरूले आफ्नो पेसागत विकासका लागि स्वतस्फूर्त रुपमा अध्ययन अनुसन्धान गर्ने तथा नयाँ विधि पद्धतिमा अद्यावधिक हुनुपर्नेछ । शिक्षकहरूले सहकार्यात्मक रुपमा पाठ अध्ययन विधिबाट आफ्नो शिक्षण कौशलको सुधारमा एकापसमा सहयोग आदानप्रदान गर्नुपर्नेछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

## परिच्छेद ५ : अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोग साधन

### ५.१ प्राविधिक साधन

विषय शिक्षकहरूलाई पेसागत सहयोग गर्नका लागि कक्षाकोठाको अनुगमन सुपरीवेक्षण गर्नका लागि प्रयोग गरिने प्राविधिक साधन अवलोकन फाराम अनुसूची १ मा राखिएको छ ।

### ५.२ व्यवस्थापकीय साधन

विद्यालयको अनुगमन तथा सुपरीवेक्षणका क्रममा पालिकास्तरीय अनुगमन समितिले विद्यालयको शैक्षिक, आर्थिक, भौतिक तथा व्यवस्थापकीय पक्षको अवलोकन गर्नका लागि प्रयोग गरिने अवलोकन फाराम अनुसूची २ मा राखिएको छ ।

## परिच्छेद ६ : अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोग प्रतिवेदन

### ६.१ अनुगमन प्रतिवेदन ढाँचा

पालिका स्तरीय अनुगमन समितिले विद्यालयको अनुगमन तथा सुपरीवेक्षण कार्यको प्रतिवेदन मासिक रुपमा अनुसूची ३ अनुसारको ढाँचामा नगरपालिकामा पेश गर्नुपर्नेछ ।

विज्ञ समूहबाट विद्यालयमा स्थलगत रुपमा विषयगत शिक्षकहरूको पेसागत सहयोग कार्यको प्रतिवेदन मासिक रुपमा अनुसूची ४ को ढाँचामा नगरपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद ७ : अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोग स्रोत व्यवस्थापन

### ७.१ अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोगका लागि स्रोत व्यवस्थापन :

अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोगका लागि स्रोत व्यवस्थापनको जिम्मेवारी नगरपालिकाको हुनेछ । नगरपालिकाले विद्यालयको अनुगमन सुपरीवेक्षण तथा पेसागत सहयोग सम्बन्धि कार्यका लागि आवश्यक बजेट बिनियोजन गरी कार्यलाई प्रभावकारी बनाउन सहयोग पुर्याउनुपर्नेछ ।

### ७.२ अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोग तर्फको खर्च व्यवस्थापन :

अनुगमन, सुपरीवेक्षण तथा शिक्षक पेसागत सहयोग तर्फको खर्च व्यवस्थापन नगरपालिकाले निर्धारण गरेको मापदण्ड अनुसार हुनेछ ।

## परिच्छेद ८ : विविध

८.१ विद्यालयसँग सरोकार राख्ने विभिन्न सामाजिक संघसंस्था वा पेशागत संघसंस्थाहरूसँग आवश्यक समन्वय गरिनेछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

## परिच्छेद ९: खारेजी र बचाऊ

१. यस कार्यविधिमा आवश्यक संशोधन र खारेजी नगर कार्यपालिका मार्फत हुनेछ ।

२.यस कार्यविधिमा भएका बुंदाहरुको आवश्यक ब्याख्या तथा प्रयोग नगर कार्यपालिकाको निर्देशन बमोजिम हुनेछ ।

३.यस कार्यविधि जारी हुनुभन्दा अघि भएका अनुगमन, सुपरिवेक्षण सम्वन्धी कार्यहरु यसै कार्यविधि मार्फत भएको मानिनेछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

## अनुसूची १

### विषय शिक्षकहरूलाई पेसागत सहयोग गर्नका लागि प्रयोग गरिने प्राविधिक साधन

शिक्षकको नाम: ________________ कक्षा : ____ विषय: __________

अवलोकन मिति:________________ पाठ शीर्षक:______________

क) अवलोकन पूर्वको छलफल

| |
|---|
| |

ख) कक्षा अवलोकन फाराम

| क्र. सं. | अवलोकनको आधार | न्यून (१) | न्यून मध्यम (२) | मध्यम (३) | उच्च मध्यम (४) | उच्च (५) |
|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीको सिकाइमा सहभागिता | | | | | |
| २ | सेतो पाटीको प्रयोग | | | | | |
| ३ | अतिरिक्त शैक्षिक सामग्रीको प्रयोग | | | | | |
| ४ | कक्षाकोठाको व्यवस्थापन | | | | | |
| ५ | सिकाइ उपलब्धिको स्पष्टता | | | | | |
| ६ | विद्यार्थी केन्द्रित क्रियाकलाप | | | | | |
| ७ | विषयवस्तुमा केन्द्रीकरण | | | | | |
| ८ | कक्षाकार्यको अवलोकन | | | | | |
| ९ | विद्यार्थीको स्तर अनुसारको शिक्षण | | | | | |
| १० | सिकाइको विषयवस्तुलाई विद्यार्थीको दैनिक जीवनसँग जोडिएको अवस्था | | | | | |
| ११ | शिक्षण पश्चात विद्यार्थीको सिकाइ स्तर पत्ता लगाउन गरिएको प्रयास | | | | | |
| १२ | योजनावद्ध शिक्षण | | | | | |

तुलसी राम रेग्मी
नगर प्रमुख

१३ विद्यार्थीको सकारात्मक प्रयासको प्रशंसा

१४ खुला प्रश्नको प्रयोग

१५ विद्यार्थीको आवश्यकताको सम्बोधन

१६ विद्यार्थीहरूलाई गरिने आदरपूर्वक व्यवहार

ग) पृष्ठपोषण दिइएका विषयवस्तुहरू

घ) विषय शिक्षकको प्रतिबिम्बन तथा अपेक्षा गरेको सहयोग

अवलोकनकर्ताको नाम :

दस्तखत :

अनुसूची २

विद्यालयको अनुगमन सुपरीवेक्षणका लागि प्रयोग गरिने व्यवस्थापकीय साधन

विद्यालयको नाम : विद्यालयको ठेगाना :

इमिस कोड : सञ्चालित कक्षा :

विद्यालयको स्थापना :

१. शैक्षिक पक्ष

क) विद्यार्थी विवरण

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| बाल विकास | | | |

एक

दुई

तीन

चार

पाँच

छ

सात

आठ

नौं

दश

एघार

बाह्र

ख) शिक्षक विवरण

| सहयोगी | | कर्मचारी | | बाल विकास | | प्राथमिक | | निम्न माध्यमिक | | माध्यमिक | | उच्च माध्यमिक | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु |

- निजी स्रोतका शिक्षक ____________________
- निजी स्रोतका कर्मचारी____________________
- स्वयंसेवक शिक्षक____________________

२. भौतिक पक्ष

| क्र. सं. | विवरण | पर्याप्त | अपर्याप्त | नभएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | भवन | | | | |
| २ | कक्षाकोठा | | | | |
| ३ | खेलमैदान | | | | |

तुलसी राम
नगर प्रमुख

| | |
|---|---|
| ४ | घेराबार |
| ५ | शौचालय |
| ६ | शुद्ध खानेपानीको उपलब्धता |
| ७ | फोहोरमैला व्यवस्थापनको अवस्था |
| ८ | पुस्तकालय |
| ९ | विज्ञान प्रयोगशाला |
| १० | कम्प्युटर प्रयोगशाला |
| ११ | सभाहल |
| १२ | बुक र्याक |
| १३ | शैक्षिक सामग्रीको उपलब्धता |
| १४ | दिवा खाजा व्यवस्थापन |
| १५ | अपाङ्गमैली भवन तथा कक्षाकोठा |
| १६ | बालमैत्री कक्षाकोठा |
| १७ | बालमैली फर्निचर |
| १८ | सेनिटरी प्याडको व्यवस्था |
| १९ | विद्युतको सुविधा |
| २० | इन्टरनेटको सुविधा |
| २१ | कम्प्युटरको उपलब्धता |
| २२ | स्मार्ट टि भी |
| २३ | प्रोजेक्टर |
| २४ | स्मार्टबोर्ड |
| २५ | खेलका सामग्रीहरू |
| २६ | कक्षाकोठामा भित्तेलेखन |
| २७ | कक्षाकोठाको सजावट |

३. व्यवस्थापकीय पक्ष

| क्र. सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|

१ विद्यालय सुधार योजना

२ वार्षिक बजेट

३ मासिक स्टाफ वैठक

४ वि व्य स वैठक

५ शि अ स वैठक

६ अभिभावक भेला

७ वार्षिकोत्सव

८ विषयगत समिति

९ शिक्षकको जिम्मेवारी विभाजन

१० समुदायसँगको सम्बन्ध

११ सूचना अधिकारी

१२ लैंगिक फोकल पर्सन

१३ बाल क्लव

१४ वार्षिक कार्यतालिका

१५ वार्षिक पाठयोजनाको प्रयोग

| अनुगमनकर्ताको नाम | पद | दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

तुलसी राम रेग्मी
नगर प्रमुख

अनुसूची ३

## पालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदनको ढाँचा

विद्यालयको नाम: ______________________________

ठेगाना : ______________________________

अनुगमन मिति: ______________________________

| क सं | अनुगमनको क्षेत्र | कमजोर | मध्ययम | राम्रो | सुधारका लागि सुझाव |
|---|---|---|---|---|---|
| क | | | शैक्षिक पक्ष | | |
| १ | कक्षाकोठा व्यवस्थापन | | | | |
| २ | शिक्षक सिकाइको प्रभावकारिता | | | | |
| ३ | विषय शिक्षकको पर्याप्तता | | | | |
| ख | | | भौतिक पक्ष | | |
| १ | भौतिक पूर्वाधार | | | | |
| २ | विद्यालयको सिकाइ वातावरण | | | | |
| ग | | | व्यवस्थापकीय पक्ष | | |
| १ | विद्यालय व्यवस्थापन | | | | |
| २ | शिक्षक प्रअ समिति सम्बन्ध | | | | |
| ३ | समुदायको सहयोग | | | | |
| ४ | आर्थिक पारदर्शिता | | | | |
| ५ | भेला तथा वार्षिकोत्सव | | | | |
| ६ | अभिलेख व्यवस्थापन | | | | |

अनुगमनकर्ताको नाम: दस्तखत:

अनुसूची ४

## विज्ञ समूहद्वारा समितिको प्रतिवेदनको ढाँचा

विद्यालयको नाम: ____________________

ठेगाना: ____________________

अनुगमन मिति: ____________________

| क्र. सं | अनुगमनको क्षेत्र | कमजोर | मध्ययम | राम्रो | सुधारका लागि सुझाव |
|---|---|---|---|---|---|
| १ | कक्षाकोठामा सिकाइ व्यवस्थापन | | | | |
| २ | बालमैत्री व्यवहार | | | | |
| ३ | सक्रिय सिकाइका विधिको प्रयोग | | | | |
| ४ | शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग | | | | |
| ५ | मूल्याङ्कन प्रणाली | | | | |
| ६ | कक्षाकार्य परीक्षण र पृष्ठपोषण | | | | |
| ७ | सुधारोत्मक शिक्षण | | | | |
| ८ | पृष्ठपोषणमा आधारित सुधार | | | | |
| ९ | सिकाइ क्रियाकलापमा विद्यार्थीको सक्रियता | | | | |
| १० | योजनावद्ध शिक्षण | | | | |

अनुगमनकर्ताको नाम:

दस्तखत:

तुलसी राम रेग्मी
नगर प्रमुख

**<u>अनुसूची-५</u>**

## कक्षा अवलोकन फाराम (कक्षा १-३)

यस फाराममा कक्षा अवलोकन सम्बन्धी सूचकहरू राखिएका छन् । यसमा सङ्कलन गरिने सूचनाहरू सामान्यतया शिक्षकको शिक्षण सिकाइ पद्धतिसँग र शिक्षकलाई आवश्यक पेसागत सहयोगसँग जोडिएका छन् । त्यसैले अवलोकन पश्चात अवलोकनकर्तालि आफूले चिन्ह लगाएका राम्रा र सुधार्नुपर्ने कुराहरूमा शिक्षकलाई पृष्ठपोषण दिने उद्देश्यले यो खण्डमा सूचकहरू राखिएका छन् ।

निर्देशनमा दिएअनुसार सङ्ख्यामा भनेको सूचकमा सङ्ख्यामा मात्र उल्लेख गर्नुहोस् । यदि '<u>ठीक</u>', '<u>बेठिक</u>', '<u>आंशिक</u>' र '<u>थाहा नभएको</u>' जस्ता विकल्प दिइएको छ भने उपयुक्त विकल्पमा √ चिनो लगाउनुहोस् । विकल्प छनोट गर्दा यदि तपाईंले "आंशिक" मा चिनो लगाउनु भएको छ भने कैफियतमा खुलाउनुहोस् ।

| | | | |
|---|---|---|---|
| विद्यालयको नाम: | | अवलोकन मिति: | |
| जिल्ला: | | स्थानीय तह: | |
| अनुगमनको प्रकृति: | एकल [ ] समूह [ ] | | |
| अवलोकनकर्ताको नाम | | संस्था: | |
| अवलोकन गरिएको कक्षा: | बहुकक्षा भएमा : | विषय: | |
| पाठको शीर्षक: | | पाठ (सङ्ख्या): | |
| उपस्थित छात्रा (सङ्ख्या): | | उपस्थित छात्र (सङ्ख्या): | |

*यो फाराम अवलोकनकर्तालि कक्षाकोठा अवलोकन गरेर मात्र भर्नुहोस् । खण्ड ३.१, ३.२.१, ३.२.३ र ३.३ सबै विषय विज्ञहरूले भर्नुहोस् । खण्ड ३.२.२ मा विषय विज्ञहरूले आफ्नो विषयको मात्र भर्नुहोस् ।*

तुलसी राम रेग्मी
नगर प्रमुख

*३.१ कक्षा शिक्षण पूर्व*

| क्र.सं. | सूचक | छ | आंशिक | छैन | लागू नहुने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षकले सिकाइ वातावरण[1] तयार गरी शिक्षण क्रियाकलाप सुरु गरेको | | | | | |
| २ | शिक्षकले सो दिन शिक्षण क्रियाकलाप सञ्चालनका लागि पाठ योजना तयार गरेको *[शिक्षकसँग सोध्ने]* | | | | | |
| ३ | शिक्षकले सो दिनको शिक्षण क्रियाकलाप सञ्चालनका लागि पूर्व तयारी गरेको *(जस्तैः सामग्रीहरू सहित कक्षाकोठामा उपस्थित)* | | | | | |
| ४ | शिक्षकसँग शिक्षक निर्देशिका उपलब्ध रहेको | | | | | |
| ४.१ | यदि उपलब्ध छ भने<br>४.१क) पाठ्यक्रम विकास केन्द्रद्वारा निर्मित<br>४.१ख) रुम टु रिड | | | | | |

[1] **सिकाइ वातावरण भन्नाले कक्षाकोठाको भौतिक, मनोवैज्ञानिक र शैक्षणिक वातावरणलाई बुझ्नुपर्छ । कक्षाकोठाको भौतिक वातावरण अन्तर्गत कक्षाकोठाको भित्तामा रङ्गीन पोस्टर वा सामग्रीले सजाइएको, सफा वातावरण, आरामदायक बसाइ व्यवस्थापन आदि पर्दछ । कक्षाकोठामा मनोवैज्ञानिक वातावरण भन्नाले शिक्षक र विद्यार्थीबिचको सुमधुर सम्बन्ध बुझाउँछ जहाँ शिक्षकलेः विद्यार्थीसँग विश्वासको सम्बन्ध निर्माण गर्छन्, स्पष्ट रूपमा कक्षाको नियम तथा अपेक्षाहरूको व्याख्या गर्छन्, सभ्य तथा सम्मानजनक शब्दहरू प्रयोग गरी कक्षा सञ्चालन गर्छन्, विद्यार्थीहरूलाई खुला रूपमा प्रश्नहरू सोध्न र छलफलमा भाग लिन प्रोत्साहित गर्छन् । शैक्षणिक वातावरण अन्तर्गत शिक्षकद्वारा विद्यार्थीहरूलाई सहज रूपमा बुझ्ने तथा सहकार्यको वातावरण सिर्जना गरिन्छ र विद्यार्थीहरूलाई प्रशस्त तथा तह अनुकुल गतिविधिहरूमा सहभागी गराइन्छ ।**



तुलसी राम रेग्मी

| क्र.सं. | सूचक | छ | आंशिक | छैन | लागू नहुने | कैफियत |
|---|---|---|---|---|---|---|
| | ४.१ग) अन्य | | | | | |
| ५ | विद्यार्थीहरूसँग पाठ्य सामग्री वा पाठ्यपुस्तक भएको | | | | | |
| ५.१ | यदि उपलब्ध **छ** भने<br>५.१क) पाठ्यक्रम विकास केन्द्रद्वारा निर्मित<br>५.१ख) रुम टु रिड<br>५.१ग) अन्य | | | | | |
| ६ | बालबालिकासँग अन्य सिकाइ सामग्री उपलब्ध रहेको *(जस्तैः कापी, कलम, इरेजर, कलर, आदि)* | | | | | |
| ७ | कक्षाकोठा कुना पुस्तकालयको व्यवस्थापन गरेको *(कक्षा १-३ सम्म मात्र)* | | | | | |
| ७.१ | यदि **छ** भने कुना पुस्तकालय प्रयोगमा ल्याएको | | | | | |
| ८ | कक्षाकोठामा शिक्षण सिकाइका लागि छापा सामाग्री प्रदर्शित गरिएको *(कम्तीमा ५ वटा सामग्रीहरू)* | | | | | |

३.२ *कक्षा शिक्षणको क्रममा*

३.२.१ *साझा विषयवस्तु*

| क्र.सं. | सूचक | छ | आंशिक | छैन | लागू नहुने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षकद्वारा पूर्व सिकाइ पुनरावलोकन गरिएको | | | | | |
| २ | शिक्षकले त्यस दिन पढाउने पाठको सिकाइ उद्देश्यलाई स्पष्ट व्याख्या गरेको | | | | | |
| ३ | शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षक निर्देशिका अनुसार शिक्षण प्रक्रिया अपनाइएको | | | | | |
| ४ | शिक्षण सिकाइलाई विद्यार्थीको दैनिक जीवन, परिवेश तथा घटनासँग जोडेर छलफल गरिएको *(कम्तीमा २ वटा परिवेश तथा घटना)* | | | | | |
| ५ | शिक्षकले क्रियाकलाप गराउँदा आवश्यकताका आधारमा "म गर्छु", "हामी गरौं" र "तपाईं गर्नुहोस्" रणनीति अपनाएको | | | | | |
| ६ | शिक्षक नयाँ क्रियाकलापमा जाँदा पहिलो क्रियाकलापसँग सम्बन्धित गराई विद्यार्थीलाई सहज हुने गरी गरेको | | | | | |
| ७ | शिक्षकले  बालमैत्री भाषा र व्यवहारको प्रयोग गरेको | | | | | |
| ८ | शिक्षकले विविध भाषिक तथा सामाजिक पृष्ठभूमि, क्षमताको स्तर, अपाङ्गताको अवस्था भएका विद्यार्थीहरूलाई  समावेशी तरिकाले शिक्षण सिकाइ गरेको | | | | | |



तुलसी राम रेग्मी
नगर प्रमुख

| क्र.सं. | सूचक | छ | आंशिक | छैन | लागू नहुने | कैफियत |
|---|---|---|---|---|---|---|
| ९ | शिक्षकले शिक्षणको क्रममा विद्यार्थीको प्रयास, प्रतिभा र क्षमताको पटक पटक प्रशंसा तथा प्रोत्साहन गरेको | | | | | |
| १० | शिक्षकले सिकाइका क्रममा कठिनाइ भएका वा थप सहायता गर्नु पर्ने विद्यार्थीलाई सहयोग गरेको | | | | | |
| ११ | शिक्षण सिकाइमा सहजीकरण गर्ने क्रममा उपयुक्त ICT को प्रयोग गरेको *(सिकाइलाई रमाइलो तथा सबल बनाउन ,विद्यार्थीको रुचिअनुरूप सहजीकरणमा विविधता ल्याउन डिजिटल साधन तथा सामग्री, मोबाइल एप आदिको प्रयोग)* | | | | | |
| १२ | शिक्षण सिकाइ सहजीकरणको क्रममा सामाजिक शैक्षिक विषयवस्तुमा आधारित भिडियो एवम् चलचित्र प्रदर्शन गरिएको | | | | | |

### ३.२.२ विषयगत

*क)* *नेपाली विषय*

| क्र.सं. | सूचक | छ | आंशिक | छैन | लागू नहुने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षकले सिकाइ सहजीकरणका क्रममा बालकालिकाको स्तर ,भाषा आदिलाई मध्यनजर गरी पर्याप्त मौखिक क्रियाकलाप गराएको | | | | | *[प्रारम्भिक कक्षाहरूमा मात्र लागू हुने]* |
| २ | शिक्षकले विद्यार्थीहरूलाई कविता, गीत, अक्षर, शब्दहरू सुनेर ध्वनि पहिचान गर्ने अवसर दिएको | | | | | |

| क्र.सं. | सूचक | छ | आंशिक | छैन | लागू नहुने | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | विद्यार्थीहरूलाई ध्वनि सुनेपछि त्यसबाट अक्षर र शब्द चिन्ने/लेख्ने अवसर दिइएको | | | | | |
| ४ | शिक्षकले विद्यार्थीहरूलाई अक्षर तथा शब्दहरू ध्वनि पहिचान गरेर जोड्ने र टुक्रयाउने तथा थप्ने घटाउने अवसर दिएको (phoneme manipulation) | | | | | |
| ५ | शिक्षकले कक्षाअनुसार नयाँ शब्दहरूको उच्चारण गर्ने ,अर्थ भन्ने र स्वतन्त्र वा जोडीमा वाक्य बनाउने अवसर दिएको | | | | | |
| ६ | शिक्षकले पाठ/कथा उचित गति ,शुद्धता र हाउभाउका साथ पढेर सुनाउनु भएको वा विद्यार्थीलाई स्वतन्त्र रूपमा पढ्ने पर्याप्त अवसर दिएको | | | | | |
| ७ | पाठ/कथा पढिसकेपछि विद्यार्थीहरूलाई छलफल *(जोडी वा समूहमा समेत), भूमिका निर्वाह, खेल विधिको माध्यमबाट अभिव्यक्त गर्न दिएको* | | | | | |
| ८ | शिक्षकले पाठ पढेर वा सुनेर बोधका क्रियाकलापमा विद्यार्थीहरूलाई बोधको अवसर दिएको *(अनुमान गर्ने प्रश्न सोध्ने वा पाठको सारांश भन्न)* | | | | | |
| ९ | विद्यार्थीलाई पठन सिप विकास गर्नका लागि आवश्यकतानुसार पाठहरू दोहोर्याएर वा निर्देशित पाठहरू पढ्न लगाएर कमजोर विद्यार्थीलाई सहयोग गरेको | | | | | |

तुलसी राम रेग्मी
नगर प्रमुख

| क.सं. | सूचक | छ | आंशिक | छैन | लागू नहुने | कैफियत |
|---|---|---|---|---|---|---|
| १० | सही अक्षर/शब्द निर्माण, वाक्य संरचना तथा सही व्याकरणको प्रयोग जस्ता लेखन अभ्यास गरेको | | | | | |

*ख) अङ्ग्रेजी*

| SN | Indicator | Yes | Partially | NO | Not Applicable | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | The teacher provided opportunities for all students to participate in grade and level-appropriate activities to practice letter sounds, blending and segmenting, rhyming words, etc. | | | | | |
| 2 | The teacher engaged students in listening, speaking, and discussing activities. | | | | | |
| | If **yes**, the teacher engaged students in:<br><br>2a) Storytelling *[Students listen to, retell, or create stories, enhance comprehension, vocabulary, and fluency.]* | | | | | MCQ |
| | 2b) Role-play *[Students act out real-life scenarios, practicing conversation, expression, and social interactions.]* | | | | | |
| | 2c) Songs and Rhymes *[reinforce language patterns, improve pronunciation, and aid memory through repetition and rhythm.]* | | | | | |
| | 2d) Total Physical Response (TPR) *[Students respond to the teacher's verbal instructions with physical movements, making learning interactive and engaging.]* | | | | | |



तुलसी राम रेग्मी
नगर प्रमुख

| SN | Indicator | Yes | Partially | NO | Not Applicable | Remarks |
|---|---|---|---|---|---|---|
| 3 | The teacher performed vocabulary teaching activities focusing on:<br>3a) Pronunciation | | | | | MCQ |
| | 3b) Meaning | | | | | |
| | 3c) Sentence formation | | | | | |
| | 3d) Connected them with students' real-life experiences. | | | | | |
| 4.1 | The teacher provided students with enough opportunities for independent reading to promote reading fluency. | | | | | |
| 4.2 | The teacher provided students with enough opportunities for guided reading to promote reading fluency. | | | | | |
| 5 | The teacher allowed students to predict and answer questions during the reading session. | | | | | |
| 6 | The teacher allowed students to summarize the texts during the reading session. | | | | | |
| 7 | The teacher provided opportunities for writing exercises (letter/word formation, sentence making, use of grammar, and question-answering, etc.) | | | | | |
| 8 | The teacher allowed students to do one or two activities with peers or in groups. | | | | | |
| 9 | The teacher allowed students to express their ideas, opinions, and emotions freely. | | | | | |

तुलसी राम रेग्मी
नगर प्रमुख

### ग) गणित

| क्र.स. | सूचक | छ | आंशिक | छैन | लागू नहुने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षकले गणितका आधारभूत क्रियाहरू *(जोड, घटाउ, गुणन र भाग) समावेश गरी विद्यार्थीहरूलाई अभ्यास गरेको* | | | | | |
| २ | विद्यार्थीलाई गणितीय सिपहरू ठोस, चित्र र सङ्केत चरणको माध्यमबाट अभ्यास गर्ने अवसर दिएको | | | | | |
| ३ | शिक्षकले पाठका अभ्यासहरू विद्यार्थीको दैनिक जीवनसँग सम्बन्धित वास्तविक वस्तुहरूलाई हेरेर, छोएर, नापेर प्रस्तुत गरेको/गराएको | | | | | |
| ४ | शिक्षकले पाठका अभ्यासहरू तालिका/चार्टमा प्रस्तुत गरेको/गराएको *(सङ्ख्या, नाप, क्यालेन्डर, स्थान मान, मुद्रा, बिल, आदि)* | | | | | |
| ५ | शिक्षकले कक्षागत तह अनुसार गणितका आधारभूत क्रियाहरूको प्रयोग गरी विद्यार्थीको दैनिक जीवन वा परिवेशलाई जोडिएर समस्या समाधानका अभ्यास तथा छलफल गरेको | | | | | |
| ६ | विद्यार्थीलाई गणितीय सिप विकास गर्नका लागि आवश्यकतानुसार क्रियाकलापहरू दोहोर्याएर वा कठिनाइका आधारमा विद्यार्थीलाई सहयोग गरेको | | | | | |
| ७ | शिक्षकले विद्यार्थीलाई गणितीय सिप सम्बन्धी परियोजना कार्य वा खोज तथा अनुसन्धानमा आधारित अभ्यास दिएको | | | | | |



तुलसी राम रेग्मी
नगर प्रमुख

| क्र.स. | सूचक | छ | आंशिक | छैन | लागू नहुने | कैफियत |
|---|---|---|---|---|---|---|
| | *(जस्तै तथ्याङ्क सङ्कलन गर्ने, सङ्कलित तथ्याङ्कलाई तालिका वा चार्ट/ग्राफमा प्रस्तुत गर्ने, वास्तविक वस्तुहरू नाप्ने, आदि)* | | | | | |
| ८ | विद्यार्थीहरूको गणितीय सिप विकास गर्नका लागि खेल, भूमिका निर्वाह, जोडी वा समूहमा छलफल तथा अन्तरक्रियात्मक क्रियाकलापहरू सञ्चालन गरेको | | | | | |
| ९ | विद्यार्थीले बुझे नबुझेको थाहा पाउन सबै विद्यार्थीहरूले गरेका अभ्यासहरूको अवलोकन तथा कार्य जाँच गरेको | | | | | |
| ९.१ | यदि कार्य जाँच गरेको भए मौखिक वा लिखित पृष्ठपोषण दिएको | | | | | |

*घ) हाम्रो सेरोफेरो/सामाजिक*

| क्र.सं. | सूचक | छ | आंशिक | छैन | लागू नहुने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षकले विषयवस्तु तथा थिममा केन्द्रित रही विद्यार्थीको दैनिक जीवन तथा परिवेशसँग सम्बन्धित रही अनुभव आदान प्रदान गरेको तथा क्रियाकलाप अभ्यास गराएको | | | | | |
| २ | विद्यार्थीलाई विषयक्षेत्रले मागेको सामाजिक भावना[2] र मूल्य मान्यता, विज्ञान, वातावरण, | | | | | |

**[2] सामाजिक-भावनात्मकले शिक्षकहरूले विद्यार्थीहरूलाई आफ्ना भावना व्यक्त गर्न र पहिचान गर्न मद्दत गर्दै स्वस्थ सहकर्मी सम्बन्धहरूलाई सुदृढ बनाउँने कार्य समेट्छ। यसले भावना व्यवस्थापन, सहानुभूति प्रदर्शन गर्ने, र दृष्टिकोण समायोजन गर्ने जस्ता महत्त्वपूर्ण सामाजिक कौशल र भावनात्मक क्षमताहरूलाई समाहित गर्दछ।** (Understanding Socio-Emotional Development: A Comprehensive Guide – TeachKloud)



तुलसी राम रेग्मी
नगर प्रमुख

| क.सं. | सूचक | छ | आंशिक | छैन | लागू नहुने | कैफियत |
|---|---|---|---|---|---|---|
| | सिर्जनात्मकता र सकारात्मक व्यवहार सम्बन्धी अभ्यास गराएको[3] | | | | | |
| ३ | शिक्षकले विद्यार्थीहरूलाई उनीहरूको अनुभवका आधारमा घटनालाई वर्णन गर्ने अवसर दिएको | | | | | |
| ४ | शिक्षकले पाठ शिक्षणको क्रममा नयाँ शब्द/धारणाको उदाहरण दिई छलफल गरेको | | | | | |
| ५ | समाजमा रहेको विविधताको पहिचान तथा सम्मान गर्ने जस्ता विषयवस्तुसँग सम्बन्धित क्रियाकलाप तथा छलफल गरेको | | | | | |
| ६ | शिक्षण गर्दा श्रव्य दृष्य सामग्रीहरूको प्रयोग गरेको *(जस्तै चार्ट, नक्सा, ग्राफ, भिडियो, आदि)* | | | | | |
| ७ | विषयवस्तु वा घटनामा आधारित भएर जोडी वा समूहमा भूमिका निर्वाह गर्न तथा कथा भन्न लगाएर समाजमा सकारात्मक परिवर्तन ल्याउने क्रियाकलाप गरेको | | | | | |
| ८ | विषयवस्तु वा घटनामा आधारित भएर जोडी वा समूहमा आलोचनात्मक अन्तरक्रिया वा छलफल सञ्चालन गरेर समस्या समाधान वा सकारात्मक परिवर्तन ल्याउने क्रियाकलाप गरेको | | | | | |

[3] **कक्षा अवलोकनको क्रममा यदि कुनै एक क्रियाकलाप मात्र शिक्षकले गर्नु भएको छ भन छ मा चिनो लगाउने ।**



तुलसी राम रेग्मी
नगर प्रमुख

| क.सं. | सूचक | छ | आंशिक | छैन | लागू नहुने | कैफियत |
|---|---|---|---|---|---|---|
| ९ | शिक्षकले विषयवस्तु तथा थिममा केन्द्रित रही खोजको आधारमा विद्यार्थीहरूलाई क्रियाकलाप वा परियोजना कार्य गराएको | | | | | |
| १० | विद्यार्थीले बुझे नबुझेको थाहा पाउन केही प्रश्नहरू सोधेको र आवश्यकतानुसार विद्यार्थीलाई थप सहयोग गरेको | | | | | |

*३.२.३ विद्यार्थी मूल्याङ्कन अभिलेख*

| क.सं. | सूचक | छ | आंशिक | छैन | लागू नहुने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम अनुसार विद्यार्थीको मूल्याङ्कन गरी कार्यसञ्चयिका फाइल तयार गरी प्रगति झल्किने अभिलेख राखिएको *(कक्षा १-३ मा अनिवार्य र अन्य कक्षामा राख्न पनि सकिने)* | | | | | |
| २ | शिक्षकसँगविद्यार्थीहरूको विषयगत सिकाइ उपलब्धि अभिलेख राखिएको | | | | | |
| २.१ | यदि छ भने सोका आधारमा कार्ययोजना निर्माण गरी विद्यार्थीलाई थप सहयोग गर्ने गरिएको | | | | | |

*३.३ कक्षा अवलोकन पश्चात*

पृष्ठपोषणका लागि तयारी

क) शिक्षण सिकाइको क्रममा शिक्षकले गरेका १-२ राम्रा कामहरू:

- 
- 

ख) शिक्षण सिकाइको क्रममा शिक्षकले गरेका १-२ सुधार गर्नु पर्ने कामहरू:

- 
- 

तुलसी राम रेग्मी
नगर प्रमुख

### ३.४ *पृष्ठपोषणको सत्र*

| क्र.सं. | सूचक | छ | आंशिक | छैन | लागू नहुने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पृष्ठपोषण सत्र यसभन्दा अगाडि गरिएको अवलोकनपछि बनाइएको कार्य योजनाको समीक्षा गर्दै सुरु गर्नु भएको | | | | | |
| २ | शिक्षकले आजको कक्षाको आत्म मूल्याङ्कन गर्नु भएको | | | | | |
| ३ | अवलोकनकर्ता र शिक्षकले कुनै निश्चित क्षेत्रमा सुधारका लागि प्रतिवद्धता व्यक्त गर्नुभएको | | | | | |
| ३.१ | प्रतिवद्धताका मुख्य १-२ बुँदाहरू:<br>क.<br>ख. | | | | | |

................

**हस्ताक्षर:**

**अवलोकनकर्ताको नाम:**

तुलसी राम रेग्मी
नगर प्रमुख